# महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको
## ३ औं बार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

**१ बैधानिक सभा :**

महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७/०९/०२ गते बसेको २५ औ बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम संस्थाको तेश्रो वार्षिक साधारण सभा केन्द्रीय कार्यालय काभ्रेमा मिति २०७७/०९/२४ गते शुक्रबार यस संस्थाका अध्यक्ष श्री तारा कुँवर ज्यू को अध्यक्षतामा विहान ११:०० बजे वस्यो । साधारण सभामा भएको उपस्थिति, छलफलको विषय र निर्णयको व्यहोरा निम्न अनुसार छ ।

**२ उपस्थिति :**

**क) संचालकहरुको उपस्थिति :**

| क्र. स | विद्यमान सञ्चालकहरुको नाम | प्रतिनिधित्व | ग्रहण गरेको शेयरकित्ता |
|---|---|---|---|
| १ | श्री तारा कुँवर | महिला अधिकार तथा विकास केन्द्र र ब्यक्तिगत | १०,००० |
| २ | श्री सुभाष जमरकट्टेल | माछापुच्छ्रे बैक लि. | १,४०,००० |
| ३ | डा. इमान सिहं गुरुङ | ब्यक्तिगत | १,४५,००० |
| ४ | श्री इन्दु कुमारी कार्की | ब्यक्तिगत | २०,००० |
| ५ | श्री कोपिला पोखरेल | स्वतन्त्र | ० |

**ख) अन्य पदाधिकारी तथा एवं पर्यवेक्षकको उपस्थिति :**

| क्र.स | अन्य पदाधिकारी | पद | प्रतिनधित्व |
|---|---|---|---|
| | श्री कृष्ण प्रसाद न्यौपाने | प्रमुख कार्यकारी अधिकृत | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड सांगा काभ्रे । |
| | श्री युद्धराज ओली | सी.ए | वर्तमान लेखापरिक्षक श्री पी.वाइ.सी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स |
| | श्री भक्तिराम घिमिरे | कानुनी सल्लाहकार | |

**गं) शेयरधानी उपस्थिति विवरण :**

वित्तीय संस्थाको कुल शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयर धनी संख्या : २० (बीस)

सर्बसाधारण शेयरधनी संख्या : ०

उक्त सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

| शेयर संख्या संस्थापक समुह | शेयर रकम रु. | संस्थापक समुह उपस्थित | सर्वसाधारण |
|---|---|---|---|
| ६,००,००० | ६,००,००,०००/ | १७ | छैन |

**३. सभाको वैधानिकता:**

**क) सभाको बारेमा सार्वजनिक सूचना :**

सभाको शुरुमा सभाको वैधानिकता सम्वन्धमा छलफल भयो । कम्पनीका शेयरधनीहरुलाई कम्पनी ऐनको दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम ४(३) वमोजिम सभा हुने मिति स्थान समय र छलफलको विषयको सुचना शेगरधनी महानुभावहरुलाई जानकारीको लागि मिति २०७७ पौष ३ गतेको आर्थिक अभियान राष्ट्रिय स्तरको पत्रिकामा Zoom meeting सहितको रित पूर्वको सुचना प्रकाशित गरिएको र आ.व २०७६/७७ को बार्षिक प्रतिवेदन, सभाको सुचना तथा प्रोक्सी फारामहरु यस संस्थाको website मार्फत सार्वजनिक गरिसकिएको व्यहोरा कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद न्यौपानेबाट जानकारी गराइयो ।

**ख) गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या कम्पनीको शेयरधानीहरु वा उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेबाट अवगत भई उपस्थित शेगरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानुन बमोजिम बोलाइएको हुदा पुर्व सुचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

सभामा कुल चुक्ता पुँजी ६ लाख कित्ता मध्ये ५ लाख ९५ हजार कित्ताको प्रतिनित्व गर्ने २० जना शेयरधनीहरु मध्ये १७ जनाको उपस्थित भएकोले कम्पनी ऐनको दफा ७३ तथा कम्पनी नियमावलीको नियम २३ वमोजिम वार्षिक साधारण सभाको लागी आवश्यक गणपुरक संख्याको प्रतिनित्व पुगेकोले

कम्पनी ऐनको दफा ६९ वमोजिम वैद्य यस कम्पनीको वार्षिक साधारण सभालाई बैध घोषित गरी विधिवत रुपमा सभा संचालन गर्न अध्यक्षज्यूले अनुमति दिनु भई वार्षिक साधारण सभा संचालन भयो ।

**४. सभामा प्रस्तुत भएका छलफलका विषयहरु :**

शेयरधनीहरुको जानकारीको लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस बार्षिक साधारण सभामा छलफलका विषयहरु देहायबमोजिम रहेका छन ।

**छलफलका विषयहरू**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७६/७७ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व.२०७६/७७ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ (२)तथा कम्पनी ऐन २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षणको लागि लेखापरिक्षण समितिबाट सिफारिस भई आए बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रामिक तोक्ने । (यस प्रयोजनका लागि वर्तमान लेखापरिक्षक श्री पी.वाइ.सी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स पुनः नियुक्त हुन सक्नेछन्)

**ख) विशेष प्रस्ताव :**

१. वित्तीय संस्थामा कायम रहेको जारी पुंजीको ४० प्रशितले हुन आउने रकम शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने प्रस्ताव पारित गर्ने र सो सम्बन्धि सम्पूर्ण कार्य गर्ने अख्तियारी वित्तीय संस्थाको संचालक समितिलाई प्रदान गर्ने ।

२. उपरोक्त बमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी साधारण सभाबाट पारित हुने निर्णयमा थपघट, समायोजन वा फेरबदल गर्न नियमनकारी निकायबाट सुझाव वा निर्देशन भए अनुरुप गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. यस वित्तीय संस्थाले अन्य कुनै एक वा एकभन्दा बढी “घ”वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थासँग मर्ज/प्राप्ति गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न/गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

**(ग) विविध**

**५. सभाको सभापतित्व तथा उद्घाटन :**

यस बार्षिक साधारण सभा सञ्चालनका लागि बैधानिक आवश्यकता पुरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४(१) कम्पनीको नियमावलीमा भएको व्यबस्था अनुसार कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेले कार्यक्रम सञ्चालन गर्नु भयो र कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री तारा कुवर

ज्युलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो र सभापतित्व गर्नुभयो । त्यस पछि प्रमुख अतिथी माननीय तुल्सी थापा ज्यु बाट पानसमा बत्ती बाली सभाको उद्घाटन भयो ।

**६. स्वागत मन्तव्य :**

सभापतिको अनुमाति लिई संस्थाका कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेले उपस्थित सञ्चालक समितिका सदस्य शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत कार्यक्रमको लागि माछापुच्छ्रे बैंकबाट प्रतिनिधित्व गर्ने सञ्चालक श्री सुभाष जमरकट्टेल ज्यूले गर्नुभयो ।

**७. तेश्रो वार्षिक प्रतिवेदन प्रस्तुत :**

सभाको कामकारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री तारा कुवर ज्युले शेयरधनीहरुलाई सम्बोधन तथा स्वागत गर्दै वित्तीय संस्थाको आ.व २०७६/७७ को बार्षिक प्रविवेदन पढेर सुनाउनु भयो ।

त्यस पछि लेखा परीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा मिति २०७६ श्रावण १ गतेबाट २०७७ आषाढ मसान्त सम्मको नाफा/नोक्सान हिसाब सोही आबधीको नगद प्रवाह हिसाव सभा समक्ष छलफल तथा निर्णयको लागि प्रस्तुत गर्नुभयो । आ.व २०७६/७७ मा गरेको प्रगति तथा आ.व २०७७/७८ को भावी योजना तथा अन्य कार्यक्रमहरुका बारेमा विवरण प्रस्तुत गर्नु भयो । अन्तमा, धन्यबाद दिदै शेयरधनीको तर्फबाट कुनै जिज्ञासा भए तथा प्रतिक्रिया भए ब्यक्त गर्नका लागि समय प्रदान गर्नु भयो ।

**८. साधारण सभामा उठेका जिज्ञासा एवं प्रत्युत्तर :**

शेयरधनीका प्रतिनिधीहरुबाट कुनै जिज्ञासा नआएको ।

**९. सभाका निर्णयहरु :**

आजको सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमुल्य सुझाव सल्लाहलाई संस्थाले उच्च प्राथमिकता साथ कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पुर्व सुचित प्रस्तावहरुलाई क्रमश पारित गरिदिन अध्यक्ष ज्यु ले अनुरोध गर्नुभयो । सबै प्रस्ताव उपर सभाका शेयर शेयरधनीहरुको सर्वसम्मत निर्णयबाट देहाय बमोजिमको पारित गरियो ।

**क) .सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट **अध्यक्ष श्री तारा कुवर ज्यूले** प्रस्तुत गर्नु भएको आर्थिक वर्ष ०७६/०७७ को संचालक समितिको प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मतले पारित गरियो ।

२. आर्थिक वर्ष ०७६/०७७ को लेखापरीक्षकको प्रतिवेदन सहितको कम्पनीको बासलात तथा नाफा नोक्सान हिसाव सम्बन्धमा छलफल हुदा लेखापरिक्षक पी.वाइ.सी एण्ड एशोसियट्सद्वारा लेखा परिक्षण भई आएको लेखा परिक्षण प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरियो ।

३. आर्थिक वर्ष २०७६/२०७७ को लागि लेखा परिक्षक नियुक्ती र पारिश्रमिक सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७७/२०७८को यस कम्पनीको लेखापरिक्षण सम्पन गर्नको लागी पि.वाई.सि.एण्ड एशोसियटसलाई लेखा परिक्षकको रुपमा नियुक्ति गरी निजलाई वैधानिक लेखा परीक्षण,कर लेखापरीक्षण,लङफम लेखापरीक्षण, र प्रमाणिकरणको शुल्कको पारिश्रमिक स्वरुप कर बाहेक रु.९६,८००/-(रु.अक्षेरुपी छयाननब्बे हजार आठ सय मात्र) पारिश्रमिक उपलब्ध गराउन सभाबाट सर्वसम्मत पारित गरियो ।

ख) **विशेष प्रस्तावहरु :**

१. हाल वित्तीय संस्थाको हाल कायम रहेको जारी पूँजी रु.१०,००,००,०००/-को ४० प्रतिशतले हुन आउने रु.४,००,००,०००/-रकम बराबरको ४,००,००० कित्ता शेयर सर्वसाधारणलाई (संस्थामा कार्यरत कर्मचारीहरु तथा सामूहिक लगानी कोषलाई समेत) सार्वजनिक निष्काशन गर्ने प्रस्ताव पारित गर्ने र सो सम्बन्धि सम्पूर्ण कार्य गर्ने अख्तियारी वित्तीय संस्थाको सञ्चालक समितिलाई प्रदान गर्न सर्वसम्मतले निर्णय गरियो ।

२. उपरोक्त बमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी साधारण सभाबाट पारित हुने निर्णयमा थपघट, समायोजन वा फेरबदल गर्न नियमनकारी निकायबाट सुझाव वा निर्देशन भए अनुरुप गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्न सर्वसम्मतले पारित गरियो ।

३. संस्थाको कार्यक्षेत्र विस्तार गर्न तथा राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थाको उद्देश्य तथा कारोवार सँग मिल्दो जुल्दो संस्थासँग मर्जर (मर्ज/प्राप्ती गर्ने) प्रक्रियाको लागी आवश्यक छलफल तथा प्रक्रिया अगाडी वढाउनको लागी वित्तीय संस्थाको संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मतले पारित गरियो ।

**ग. विविध :**

१) विविध अर्न्तगत यस वार्षिक सधारण सभाको निर्णयहरु आधिकारिताको लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृतले हस्ताक्षर गर्ने निर्णय भयो ।

२) यस वित्तीय संस्थाको संस्थापक शेयरधनी श्री माछापुच्छ्रे बैंक लिमिटेडको तर्फबाट संचालक श्री कुमार ज्ञावाली तथा बैकल्पित सञ्चालक श्री आमोद श्रेष्ठ नियुक्त भई कामकाज गर्दै आइरहेकोमा त्यस बैकको मिति २०७७/०८/१२ गतेको ४३४ औ संञ्चालक समितिको बैठकको सञ्चालक परिवर्तन निर्णय उतार पत्र अनुसार त्यस बैकका कर्पोरेट तथा इन्फास्ट्रक्चर लेण्डिङ विभाग प्रमुख श्री सुभाष जमरकट्टेल र बैकल्पित सञ्चालकमा बैकका विपन्न बर्ग कर्जा विभाग प्रमुख श्री सागर विष्टलाई मनोनित सञ्चालक नियुक्त गर्न सिफारिस भई आए बमोजिम नीजहरुलाई यस वित्तीय संस्थामा सञ्चालक नियुक्त भएकोमा यस साधारण सभामा अनुमोदन गर्ने निर्णय भयो ।

**१०. धन्यबाद ज्ञापन :**

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने श्री नेपाल राष्ट्र बैक,कम्पनी रजिष्टारको कार्यालय धितोपत्र बोर्ड, लगायत बिभिन्न संघ संस्था तथा व्यक्तिहरुलाई धन्यबाद दिने निर्णय भयो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान गर्ने सम्पुर्ण महानुभावहरुलाई समेत धन्यबाद सहित आभार प्रकट गर्ने निर्णय भयो । कार्यक्रमका प्रमुख अतिथि माननीय तुल्सी थापा ज्यू ले तेश्रो वार्षिक साधारण सभा सम्पन्न भएकोमा सबैलाई धन्यबाद दिनुभयो । लघुवित्त संस्था धेरै भए पनि यसले पिछडीएका र आर्थिक रुपमा कमजोर अवस्था भएका महिलाको जीवनमा फरक ढंगले प्रभावकारी काम गर्न सफल भएकोमा खुसी लागेको र संस्थाका सदस्य र कर्मचारीको इमान्दारीता र लगनशिलताले सस्थाले प्रगति गरेको बताउनु भयो । 'विपन्न वर्ग र महिलाको जीवनस्तर माथि उठेन भने देशको विकास हुदैन । संस्थाले अहिलेसम्म गरेको कामको प्रशंसा गर्दै आगामी दिनमा अझै प्रगति गर्नेमा आफू विश्वस्त रहेको बताउनु भयो ।

११. कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेले आजको यस तेश्रो वार्षिक साधारण समावेश विषय सुची अर्न्तगतका सम्पुर्ण विषयहरु समाप्त भएको व्यहोरा जानकारी गराउनु हुँदै आजको साधारण सभा समापन गरिदिन अध्यक्ष एवं सभापति ज्यूलाई अनुरोध गर्नु भयो ।

१२. बिषय सुचीमा भएका सम्पुर्ण कार्यहरु समाप्त भएको जानकारी पश्चात अध्यक्ष ज्यूले सभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उँहाहरुको अमूल्य समय सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यबाद दिनु भयो । तेश्रो बार्षिक साधारण सभा शान्ति एवं सौहार्दपूर्ण सरल किसिमबाट सम्पन गर्न सहयोग पु–याउने श्री नेपाल राष्ट्र बैक,कम्पनी रजिष्टारको कार्यालय, लेखापरीक्षक, कानुनी सल्लाहकार विभिन्न संघ सस्थाका प्रतिनिधीहरु,माननीय सांसद ज्यु, पत्रकार महानुभावहरु, सम्पुर्ण कर्मचारीहरु लगायत दिवाभोजको उपलब्ध गराई सहयोग गर्ने अल्फा बेटा नयां बानेश्वर काठमाडौलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै यस तेश्रो बार्षिक साधारण सभा विषर्जन भएको घोषणा गर्नु भयो ।

श्री कृष्ण प्रसाद न्यौपाने
कम्पनी सचिव

श्री तारा कुवर
अध्यक्ष

**सभा सम्पन्न मिति :** २०७७ पौष २४ गते शुक्रबार तदनुसार जनवरी ८, २०२१

# महिला लघुवित्त वित्तीय संस्था लि.
## तेस्रो वार्षिक साधारण सभा

यस महिला लघुवित्त वित्तीय संस्था लिं.को तेस्रो वार्षिक साधारण सभा आज मिति २०७७ साल पौष महिनाको २४ गते शुक्रवार विहान ११.०० बजे वित्तिय संस्थाको केन्द्रीय कार्यालय सांगा,काभ्रेमा बस्यो । बैठकमा भएको उपस्थिति निम्नानुसार छ ।

उपस्थिति:

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री तारा कुंवर | अध्यक्ष | |
| २. | श्री माछापुच्छ्रे बैक लि (प्रतिनिधि सुभाष जमरकट्टेल) | संञ्चालक | |
| ३. | श्री इमान सिहं गुरुङ | सञ्चालक | |
| ४. | श्री ईन्दु कुमारी कार्की | सञ्चालक | |
| ५. | श्री कोपिला पोखरेल | स्वतन्त्र सञ्चालक | |
| ६. | श्री निरु कुथुमी राई | शेयरधनी | |
| ७. | श्री महिला अधिकार तथा विकास केन्द्र( प्रतिनिधि उमा भण्डारी) | शेयरधनी | |
| ८. | श्री तुलसी थापा | शेयरधनी | |
| ९. | श्री जुलि कुमारी महतो | शेयरधनी | |
| १०. | श्री लक्ष्मी कार्की | शेयरधनी | |
| ११. | श्री लक्ष्मी देवी अर्याल | शेयरधनी | |
| १२. | श्री उमा भण्डारी | शेयरधनी | |
| १३. | श्री सृजना राना | शेयरधनी | |

| | | | |
|---|---|---|---|
| १४. | श्री शान्ति गौतम | शेयरधनी | |
| १५. | श्री माया भण्डारी | शेयरधनी | — |
| १६. | श्री ईन्दिरा गिरी | शेयरधनी | |
| १७. | श्री शान्ता कुमारी शर्मा | शेयरधनी | |
| १८. | श्री तिल कुमारी पाण्डे | शेयरधनी | |
| १९. | श्री कृष्ण प्रसाद न्यौपाने | शेयरधनी | |
| २०. | श्री तुलसा पण्डित | शेयरधनी | |
| २१. | श्री बल बहादुर राना | शेयरधनी | अनुपस्थित |
| २२. | प्रमिता भट्टराई | पत्रकार | |
| २३. | अर्पेन्द्र चन्द्र | " | |
| २४. | जयप्रकाश जोशी | " | |
| २५. | युवराज ओली | PYCAASS. | |
| २६ | भक्तिराम खिमिरे | कानूनीसहायता | |
| २७ | ओमलाल भट्टराई | | |
| २८ | गोविन्द कार्की | | |
| २९ | सुमित बास्कोटा | कर्मचारी | |
| ३० | बिमला थापामगर | " | |
| ३१ | बुद्धिसागर न्यौपाने | " | |
| ३२ | ममता पाठक | " | |

TV today 11)

| | | | |
|---|---|---|---|
| ३३ | ईश्वर बहादुर रोका | " | [signature] |
| ३४ | नरेन्द्र मौलागाई | " | [signature] |
| ३५ | प्रेम ब. थापा | " | [signature] |
| ३६ | रमेश [illegible] | " | [signature] |
| ३७ | अवन्तिका बग्ले | " | Awantika |
| ३८ | दिव्यश्री अर्याल | फोटोग्राफर | [signature] |
| ३९ | अर्जुन गुरुङ | " | [signature] |
| ४० | मनिला पौडेल | कुपण्डोल | [signature] |
| ४१ | हरी प्रसाद गौतम | कुपण्डोल | [signature] |
| ४२ | पुष्पवती के.सी. | " | [signature] |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# महिला लघुवित्त वित्तीय संस्था लि.
## तेस्रो वार्षिक साधारण सभा

यस महिला लघुवित्त वित्तीय संस्था लिं.को तेस्रो वार्षिक साधारण सभा आज मिति २०७७ साल पौष महिनाको २४ गते शुक्रवार विहान ११.०० बजे वित्तिय संस्थाको केन्द्रीय कार्यालय सांगा,काभ्रेमा बस्यो । साधारण सभामा भएको उपस्थितिमा छलफलको विषय र निर्णयको व्यहोरा निम्नानुसार छ ।

उपस्थिति:

| क्र.सं. | नाम थर | पद | शेयर संख्या | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तारा कुंवर | अध्यक्ष | १०,०००/कित्ता | |
| २. | श्री माछापुच्छ्रे बैक लि (प्रतिनिधि सुभाष जमरकट्टेल) | संञ्चालक | १,४०,०००/कित्ता | |
| ३. | श्री इमान सिहं गुरुङ | सञ्चालक | १,४५,०००/कित्ता | |
| ४. | श्री ईन्दु कुमारी कार्की | सञ्चालक | २०,०००/कित्ता | |
| ५. | श्री निरु कुथुमी राई | शेयरधनी | ४५,०००/कित्ता | |
| ६. | श्री महिला अधिकार तथा विकास केन्द्र(प्रतिनिधि उमा भण्डारी) | शेयरधनी | ५५,०००/कित्ता | |
| ७. | श्री तुलसी थापा | शेयरधनी | २०,०००/कित्ता | |
| ८. | श्री जुलि कुमारी महतो | शेयरधनी | १,००,०००/कित्ता | अनुपस्थित |
| ९. | श्री लक्ष्मी कार्की | शेयरधनी | २०,०००/कित्ता | |
| १०. | श्री लक्ष्मी देवी अर्याल | शेयरधनी | ५,०००/कित्ता | |
| ११. | श्री उमा भण्डारी | शेयरधनी | ५,०००/किस्ता | |
| १२. | श्री सृजना राना | शेयरधनी | ५,०००/कित्ता | |
| १३. | श्री शान्ति गौतम | शेयरधनी | ५,०००/कित्ता | |

| | — | — | — | — |
|---|---|---|---|---|
| १४. | श्री माया भण्डारी | शेयरधनी | ५,०००/कित्ता | अनुपस्थित |
| १५. | श्री ईन्दिरा गिरी | शेयरधनी | ५,०००/कित्ता | |
| १६. | श्री शान्ता कुमारी शर्मा | शेयरधनी | ५,०००/कित्ता | |
| १७. | श्री तिल कुमारी पाण्डे | शेयरधनी | ५,०००/कित्ता | |
| १८. | श्री कृष्ण प्रसाद न्यौपाने | शेयरधनी | २,०००/कित्ता | |
| १९. | श्री तुलसा पण्डित | शेयरधनी | २,०००/कित्ता | |
| २०. | श्री बल बहादुर राना | शेयरधनी | १,०००/कित्ता | अनुपस्थित |